मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २३ गते बुधबार ❑ 7 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## नेपाली क्रिकेटले खेलाडी र दर्शकलाई उत्साहित बनाएको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली खेलकुद क्षेत्रमा क्रिकेट खेलले खेलाडी र दर्शकलाई समेत उत्साहित बनाइएको बताउनुभएको छ।

आइसिसी टी-२० विश्वकप 'ट्रफी टुर' अन्तर्गत पोखरामा मंगलबार प्रदर्शन गरिएको विश्वकपको ट्रफी अवलोकन गर्दै उहाँले नेपालमा क्रिकेटमा छुट्टै आकर्षण बढेको उल्लेख गर्नुभयो । "नेपाली खेलाडीले आइसिसीका प्रतियोगिता खेल्ने क्रम वृद्धि भएको छ । यसबाट क्रिकेटको छुट्टै क्रेज बढेको छ, यसबाट सबैलाई उत्साहित बनाएको छ। नेपालमा विश्वकप ट्रफी ल्याउनु क्रिकेट प्रेमी र खेलाडीलाई




खुसीको कुरा हो," मुख्यमन्त्री पाण्डेले भन्नुभयो । युवाहरूको क्रिकेट खेलप्रतिको आकर्षणलाई सम्बोधन गर्नका लागि सङ्घ सरकारप्रदेशसरकारमिलेरआधार भूत खेल पूर्वाधार विकासमा ध्यान दिनेसमेत उहाँले प्रतिबद्धता जनाउनुभयो । मुख्यमन्त्री पाण्डेले आसन्न विश्वकपमा उत्कृष्ट प्रदर्शनका लागि नेपाली क्रिकेट टिमलाई सफलताको शुभकामनासमेत व्यक्त गर्नुभयो।

पोखरा ल्याइएको विश्वकप ट्रफी पोखरा रङ्गशालामासमेत प्रदर्शनका लागि राखिएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, खेलकुदकर्मी, खेलाडी तथा सर्वसाधारणले ट्रफी अवलोकन गर्नुभयो।

'ट्रफी टुर' अन्तर्गत ट्रफी प्रदर्शन तथा दृश्यात्मक तस्बिर खिच्ने कार्यक्रम गरिएको थियो । आइसिसी टी-२० विश्वकप ट्रफीको पोखरा भ्रमणले पोखराको पर्यटन प्रवर्द्धनसँगै क्रिकेटप्रतिको आकर्षण अझ बढ्ने विश्वास गरिएको प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो।

आइसिसी टी-२० विश्वकप क्रिकेट आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म भारत र श्रीलङ्कामा हुँदैछ। उक्त विश्वकपमा नेपाल पनि सहभागी हुँदैछ र नेपालले तेस्रो पटक टी-२० विश्वकप खेल्दैछ । विश्वकप क्रिकेटको ट्रफी सोमबार नेपाल ल्याइएको हो।

## 'आर्ट इन हिमालय' अन्तरराष्ट्रिय कला प्रदर्शनी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

सिर्जनशील कलाकार सूमह, पोखराको आयोजना र नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानको सहकार्यमा पोखरामा 'आर्ट इन हिमालय' शीर्षकमा अन्तरराष्ट्रिय कला प्रदर्शनी हुने भएको छ।

यही पुस २४ गतेदेखि २६ गतेसम्म पोखरा महानगरपालिका-९ नयाँ बजार स्थित पोखरा आर्ट ग्यालरीमा हुने उक्त प्रदर्शनीमा नेपालसहित सात देशका करिब ४० कलाकारका कलाकृति प्रदर्शन गरिने भएको हो । प्रतिष्ठानका प्राज्ञ सदस्य राधी कँडेलले नेपाली कला र कलाकारलाई अन्तरराष्ट्रिय रूपमा चिनाउने र कलामार्फत संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यलले प्रदर्शनीको आयोजना गरिएको बताउनुभयो । उहाँका अनुसार प्रदर्शनीमा नेपाल, अमेरिका, अष्ट्रेलिया, बेलायत, डेनमार्क क्यानडा र आयरल्याण्डका कलाकारका कलाकृति प्रदर्शनीमा राखिने भएको छ। "प्रदर्शनीसँगै कलाकृतिलाई बिक्रीमा पनि राखिनेछ, विदेशी कलाकारले नेपाली कलाकृतिलाई महँगो मूल्य तिरेर खरिद गर्न सक्छन्", उहाँले भन्नुभयो, "प्रदर्शनीमा कास्कीसहित गण्डकी प्रदेशका अन्य जिल्लाका कलाकारका कलाकृतिलाई पनि समेट्ने प्रयास गर्दैछौं ।" प्रतिष्ठानले कला प्रवर्द्धनका कार्यक्रममा जोड दिँदै आएको प्राज्ञ सदस्य कँडेलले बताउनुभयो।

प्रतिष्ठानको प्राविधिक सहयोगमा यही पुस पहिलो साता पर्वतको कुश्मामा पनि 'एक दिवसीय कला कार्यशाला' आयोजना गरिएको थियो। कुश्मा कला परियोजनाद्वारा आयोजित उक्त कार्यशालामा पर्वत, बागलुङसहित धवलागिरि क्षेत्रका कलाकार सहभागी बनेका थिए । प्राज्ञ सदस्य कँडेलले राजधानी र ठूला सहरमा मात्र हुँदै आएका ललितकलासम्बन्धी कार्यक्रमलाई विकेन्द्रित गर्ने प्रयास गरिएको बताउनुभयो । व्यावसायिक रूपमा पनि चित्रकला सफल विधा भएकाले नयाँ पुस्तालाई ललितकला अध्ययनमा प्रेरित गर्नुपर्ने उहाँको भनाइ छ। गतवर्ष पनि अमेरिकालगायतका देशका कलाकारले पोखरामा भएको कला प्रदर्शनीमा भाग लिएको सिर्जनशील कलाकार समूहका अध्यक्ष डिबी गुरूङले बताउनुभयो । "यो प्रदर्शनी नेपाली कलाकार र उनीहरूका कलाकृतिलाई विश्वस्तरका कलाकारमाझ पुऱ्याउने माध्यम बन्नेछ", उहाँले भन्नुभयो, "कलाकृतिलाई बिक्रीमा पनि राखिने भएकाले नेपाली कलाकारलाई आर्थिक रूपमा पनि लाभ पुग्नेछ।"

## तोकिएकै समयमा निर्वाचन हुन्छ: कार्यवाहक प्रमुख आयुक्त भण्डारी

**रासस**
काठमाडौं, २२ पुस

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सरकारले निर्वाचन सुरक्षाको सम्पूर्ण प्रत्याभूति दिलाएको हुँदा तोकिएको समयमा नै निर्वाचन हुनेमा ढुक्क रहन सबैमा आग्रह गर्नुभएको छ।

निर्वाचनको विकल्प निर्वाचन मात्रै भएको उल्लेख गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचन हुन्छ कि हुन्न भन्ने जनमानसको प्रश्नलाई चिरेर आयोग सम्पूर्ण तयारीमा जुटेको बताउनुभयो । निर्वाचन प्रशिक्षक प्रशिक्षणसम्बन्धी मंगलबार यहाँ आयोजित कार्यशालामा उहाँले निर्वाचन सुरक्षाका लागि आयोगले सरकार र सबै सुरक्षा निकायसँग समन्वय गरिरहेको जानकारी गराउनुभयो।

"निर्वाचन हुन्छ कि हुन्न भन्ने संशय विगतका निर्वाचनमा पनि हुने गरेको थियो। निर्वाचनको कुनै विकल्प छैन, संविधानसभाको निर्वाचनका समयमा पनि हुन्छ कि हुँदैन भनेर अघिल्लो दिनसम्म शङ्का-उपशङ्का गरिएको थियो । भोलिपल्ट मतदानको प्रक्रिया सम्पन्न भयो । अहिले त्यही प्रश्न हो । जनमानसमा आउने प्रश्नलाई निर्वाचन मार्फत चिनुपर्छ । निर्वाचन हुन्छ", कार्यवाहक प्रमुख भण्डारीले भन्नुभयो । जेनजी आन्दोलनपछिको फरक पृष्ठभूमिमा निर्वाचन हुन गइरहेकामा विभिन्न प्रश्न उठ्नु स्वभाविक भएको उल्लेख गर्दै उहाँले निर्वाचन सम्पन्न गर्न आयोग प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । सरकारले सुरक्षा व्यवस्था सुदृढीकरणका लागि सातै प्रदेशमा सुरक्षा गोष्ठीमार्फत विभिन्न राय सुझाव प्राप्त गरी सुरक्षाको विश्लेषण गरिरहेकोकार्यवाहकप्रमुखभण्डारीले बताउनुभयो। आयोगले चुनावको तयारीका क्रममा प्रदेशका प्रमुख सचिव र सचिवहरूसँग पनि परामर्श गरेको उहाँले बताउनुभयो।

## एमाले सचिवालय बैठक: निर्वाचन घोषणापत्र मस्यौदा कमिटी गठन

**रासस**
काठमाडौं, २२ पुस

नेकपा (एमाले)ले आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि घोषणापत्र मस्यौदा कमिटी गठन गरेको छ ।

ललितपुरको च्यासलमा मंगलबार बसेको सचिवालय बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा घोषणापत्र मस्यौदा कमिटी गठन गरेको बैठकपछि उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो। समितिमा उपाध्यक्षद्वय रामबहादुर थापा र विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, नेता ईश्वर पोखरेल प्रदीप ज्ञवाली र विष्णु रिमाल रहनुभएको छ।

यस्तै बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजत्वमा निर्वाचन परिचालन कमिटी गठन गरेको छ । कमिटीको सचिवमा विष्णु रिमाल र सदस्यमा छविलाल विश्वकर्मा, हिक्मत कार्की, डा राजन भट्टराई, रमेश बडाल, मीनबहादुर शाही र डा भीष्म अधिकारी रहनुभएको छ । यस्तै पार्टीका पदाधिकारी र केन्द्रीय कमिटीलाई निर्वाचनको काममा केन्द्रित रहेर परिचालन गर्ने निर्णय गरिएको उपमहासचिव भट्टले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा ईभीप्रति आकर्षण बढ्दो, एकै दिन ३३ वटा विद्युतीय गाडी बुकिङ

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

नेपालमा पछिल्लो समय विद्युतीय सवारी (ईभी) प्रतिको आकर्षण तीव्र रूपमा बढ्दै गएको छ। विशेष गरी पोखरामा ईभीप्रति उपभोक्ताको चासो उल्लेखनीय रूपमा बढेको देखिएको छ।

ईभीसम्बन्धी भ्रम चिर्दै जानकारी दिन आयोजित एक विशेष कार्यशालापछि एकै दिन ३३ वटा विद्युतीय गाडी बुकिङ भएको भिजी मोटर्स का कमर्शियल हेड सजल श्रेष्ठले बताए । भिजी मोटर्सको आयोजनामा पोखरामा सम्पन्न "विद्युतीय सवारी साधन सम्बन्धी भ्रम तोड्दै र भविष्यमा यसको प्रभाव बुझ्ने" शीर्षकको कार्यशालामा ईभीको प्रविधि, लागत, मर्मत सम्भार, ब्याट्रीको आयु, सुरक्षा तथा वातावरणीय प्रभावबारे विस्तृत छलफल गरिएको उनले जनाए । कार्यशालामा सहभागी उपभोक्ता, व्यवसायी तथा सरोकारवालाले ईभीबारे रहेका विभिन्न आशंका र जिज्ञासा स्पष्ट पारेका थिए । जोयलङ प्रोडक्टका हेड श्याम पटेल,विज्नेस हेड चन्दन रौनियार, आर एण्ड डि हेड सम्राट गौतम लगायतका विज्ञहरूले ईभीका




मेकानिकल तथा इलेक्ट्रिकल इन्जिनियरिङ पक्षबारे प्रस्तुति गरेका थिए। कार्यशालामा प्रस्तुत तथ्यअनुसार विद्युतीय सवारी नयाँ प्रविधि जस्तो देखिए पनि यसको इतिहास पेट्रोल सवारीभन्दा पुरानो रहेको विज्ञहरूले बताएका छन् । सन् १८३० को दशकदेखि नै विद्युतीय सवारीको अवधारणा विकास भइसकेको र पेट्रोल इन्जिन त्यसपछि मात्र प्रयोगमा आएको जानकारी दिइएको थियो । प्रविधिको तीव्र विकास, इन्धनको बढ्दो मूल्य र वातावरणीय चेतनासँगै विश्व बजारमा ईभी पुनः प्राथमिक रोजाइ बन्दै गएको विज्ञहरूको भनाइ छ।

कार्यशालापछि ईभीप्रति उपभोक्ताको विश्वास बढ्दा एकै दिन ३३ वटा विद्युतीय गाडी बुकिङ भएको भिजी मोटर्स गण्डकी प्रदेशका क्षेत्रीय म्यानेजर प्रकाश अर्यालले बताए । उनका अनुसार ६ सय चाजिङ शुल्कमा पोखरा देखि काठमाण्डौं यात्रा गर्न सकिने उनले दाबी गरे । ३४ लाखदेखि ७४ लाख मुल्यका २ सिटर देखि १७ सिटरका गाडीहरु बिक्रिको लागि बजारमा ल्याएको अर्यालले बताए। "ईभी महँगो हुन्छ, ब्याट्री टिक्दैन, मर्मत झन्झटिलो हुन्छ भन्ने भ्रम धेरैमा थियो," उनले भने, "कार्यशालाले ती भ्रम हटाएपछि खरिदतर्फ ग्राहकको आकर्षण देखिएको हो ।" पोखरामा पछिल्लो समय चार्जिङ स्टेसनको संख्या बढ्दै जानु, स्थानीय सरकारको नीतिगत सहयोग तथा सञ्चालन खर्च कम हुनुजस्ता कारणले पनि ईभीप्रति आकर्षण बढ्दै गएको व्यवसायीहरू बताउँछन् । वातावरणमैत्री सवारीका रूपमा ईभीलाई प्राथमिकता दिन थालेसँगै पोखरामा यसको बिक्री र वितरण क्रमशः वृद्धि हुँदै गएको छ । कार्यशालामा विज्ञहरूले विद्युतीय सवारीले दीर्घकालीन रूपमा इन्धन आयात घटाउने, प्रदूषण न्यूनीकरण गर्ने र उपभोक्ताको खर्च बचत गर्ने स्पष्ट पारेका थिए । यसले पोखरालाई हरित सहर बनाउने मद्धत पुग्ने अर्यालले विश्वास व्यक्त गरे । उनले थपे "पोखराबाट १७ जना यात्रु लिएर काठमाडौं जाँदा करिब ६ सय रुपैयाँ मात्र खर्च हुन्छ । यो पेट्रोल वा डिजेल सवारीको तुलनामा अत्यन्त सस्तो र व्यवसायीका लागि लाभदायक विकल्प हो।" इभिको प्रयोगले वातावरण प्रदुषणलाई समेत रोक्न मद्धत पुग्ने अर्यालले जनाए।

सो कार्यक्रममा पृथ्वी राजमार्ग बस संचालन कम्पनीका अध्यक्ष तथा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ वरिष्ठ उपाध्यक्ष एन कुमार शाही, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ का सचीव भानुभक्त बराल र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेश सयोजक केदार पौडेल लगायतको उपस्थिति रहेको थियो । यातायात व्यावसायी मेघराज त्रिपाठी, अशोक कुमार चौधरी, जयबहादुर गुरुङ लगायतले इभि गाडी खरिद गर्नु भएको छ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा आईसीसी टी-ट्वान्टी विश्वकप ट्रफी टुर

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

पोखरामा मंगलबार आईसीसी टी-ट्वान्टी विश्वकप ट्रफी टुर गरिएको छ । विश्वकप ट्रफी पोखराका विभिन्न प्रमुख स्थानमा परिक्रमा गरिएको गण्डकी प्रादेशिक क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले जानकारी दिनुभयो ।




पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि पोखरा रंगशाला, पोखराको फेवाताल लगायतको क्षेत्रमा ट्रफी सार्वजनिक गरिएको उहाँले जनाउनुभयो । टी-ट्वान्टी विश्वकप ट्रफी टुरमा क्रिकेटप्रेमीले ट्रफीसँग तस्बिर समेत खिच्नु भएको थियो । ट्रफी टुर कार्यक्रम मंगलबार पोखराको एअरपोर्ट क्षेत्रबाट सुरु भई त्यसपछि ट्रफीलाई पोखराका मुख्य चोक तथा पर्यटकीय क्षेत्र हुँदै सार्वजनिक स्थालमा प्रदर्शनका गरिएको हो । पोखराको फेवातालमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा रंगशालामा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले उक्त ट्रफी अवलोकन गर्नु भएको थियो । उक्त ट्रफी अवलोकन गर्दै मुख्यमन्त्री पाण्डेले नेपालमा पछिल्लो समयमा क्रिकेटको क्रेज बढेको बताउदै यसमा संघिय सरकार र प्रदेश सरकारले पनि क्रिकेट खेलको विकासको लागि आवश्यक पूर्वाधार निर्माणमा बिषेश चासो दिएको जनाउनु भयो।

उक्त ट्रफी नेपालमा र पोखरासम्म ल्याउदै प्रदर्शन गर्नु यसले क्रिकेट खेलको महत्व झनै बढाएको उहाँले बताउनु भयो । आईसीसी टी-ट्वान्टी विश्वकप ट्रफी टुरका क्रममा सुरक्षा व्यवस्थालाई विशेष ध्यान दिइएको थियो । ट्रफी टुरका क्रममा सर्वसाधारण, खेलप्रेमी तथा सञ्चारकर्मीको उल्लेख्य सहभागिता रहेको थियो । विश्व क्रिकेटको प्रतिष्ठित ट्रफी पोखरामा ल्याइनु आफैंमा गौरवको विषय भएको उल्लेख गर्दै मन्त्री थापाले यसले गण्डकी प्रदेशमा क्रिकेटप्रति उत्साह थप्ने विश्वास व्यक्त गर्नुभयो । प्रदेशको क्रिकेटको विकासको लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने वचन दिनुभयो ।

# एघारौँ राष्ट्रिय ज्ञानमाला सम्मेलन पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

राष्ट्रिय ज्ञानमाला सङ्घ, नेपालको तत्वावधान एवं ज्ञानमाला सङ्घ, धर्मशिला बुद्ध विहार, नदीपुर पोखराको व्यवस्थापनमा यही पुस २६, २७ र २८ गते पोखरामा एघारौँ राष्ट्रिय ज्ञानमाला सम्मेलन हुने भएको छ ।

सम्मेलनबारे जानकारी दिन सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा राष्ट्रिय ज्ञानमाला सङ्घ नेपालका अध्यक्ष रमना श्रेष्ठले ज्ञानमाला सङ्घ, धर्मशिला बुद्ध विहारको व्यवस्थापनमा सम्मेलन गर्न लागिएको जानकारी दिनुभयो । ज्ञानमाला भजनका माध्यमबाट बुद्ध शिक्षालाई जनजनमा व्यापक पुऱ्याउने उद्देश्यका साथ प्रत्येक तीन/तीन वर्षमा काठमाडौँसहित विभिन्न जिल्लामा राष्ट्रिय ज्ञानमाला सम्मेलन गरिँदै आइएको उहाँले बताउनुभयो ।

सम्मेलनका लागि ३५१ सदस्यीय मूल समारोह समितिसँगै विभिन्न २५ वटा उपसमिति गठन गरिएको छ । सम्मेलनमा देशभरि रहेका १४४ ज्ञानमाला भजन सङ्घमध्ये भारतको सिक्किमबाट गरी ८५ वटा भजन सङ्घका एक हजार २०० भन्दाबढी प्रतिनिधि सहभागी बन्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो । अध्यक्ष श्रेष्ठका अनुसार सम्मेलनकै अवसरमा ज्ञानमालाका संस्थापक भन्नेहरूको पुण्य स्मृतिमा 'भिक्षु धम्मालोक तथा भिक्षु अमृतानन्द राष्ट्रिय अभिनन्दन' गरिने योजनाअनुरुप यस वर्ष नेपालको थेरवाद बुद्ध शासनलाई संरक्षण, सम्वर्द्धन तथा चिरस्थायी बनाउन महत्वपूर्ण योगदान गर्ने व्यक्तिहरू राष्ट्रिय ज्ञानमाला सङ्घ नेपालका संरक्षक प्रा सुवर्ण शाक्य र बौद्ध विद्वान तीलकमान गुभाजुलाई राष्ट्रिय अभिनन्दन गरिनेछ । त्यस्तै कार्यक्रममा ज्ञानमाला भजनका वरिष्ठ सङ्गीतकार राजभाइ बज्राचार्य पुण्यस्मृति कोषबाट वरिष्ठ गायिका तीर्थकुमारी थापालाई पनि राष्ट्रिय अभिनन्दन गरिने आयोजकले जनाएको छ ।

# धौलागिरिमा थप चार करोड बजेट बाँडफाँट

पोखरापत्र संवाददाता
म्याग्दी, २२ पुस

म्याग्दीको धौलागिरि गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को लागि थप रु चार करोड बजेट विनियोजन गरेको छ ।

गाउँपालिकाको केन्द्र मुनामा पालिका अध्यक्ष प्रेमप्रसाद पुनको अध्यक्षतामा आज सम्पन्न २५ औँ गाउँसभाले गत आर्थिक वर्षमा खर्च हुन नसकेको बजेट चालु आर्थिक वर्षका लागि विनियोजन गरेको हो ।

गत असारको सभाले बनाएको रु ४६ करोड ५६ लाख छ हजार ५६३ को बजेटलाई विनियोजन ऐन संशोधन गरेर रु ५० करोड ५६ लाख छ हजार पाँच सय ६३ बनाउने उपाध्यक्ष रेशम पुनमगरले प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मत पारित गरेको हो ।

रु चार करोडमध्य यसअघि रु एक करोड बजेट विनियोजन भएको निर्माणाधीन प्रशासकीय भवनलाई पूर्णता दिन थप रु एक करोडसहित पूर्वाधार योजनाहरूलाई रु एक करोड ६५ लाख र बाँकी सामाजिक र आर्थिक विकाससँग सम्बन्धित कार्यक्रमलाई विनियोजन भएको गाउँ कार्यपालिकाका प्रवक्ता देवेन्द्र रोकाले जानकारी दिनुभयो । सभाले कृषि कार्यक्रम सञ्चालनका लागि तयार पारेको कार्यविधि पारित र घरजग्गाको मूल्याङ्कनको राजस्व दरलाई घटाउने निर्णय गरेको प्रवक्ता रोकाले बताउनुभयो । सभामा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा पदक दिलाएका खेलाडी, शिक्षक र शिक्षिकाहरूलाई सम्मान तथा पुरस्कृत गरिएको थियो । हाल अस्ट्रेलियामा रहेका गाउँपालिकाका पूर्वकर्मचारी आश्विन खत्रीले सङ्कलन गरेर पठाएको रु ५५ हजार खेलाडीहरूलाई पुरस्कार वितरण गरिएको हो । एघारौँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डमा धौलागिरिले एक स्वर्ण, दुई रजत र पाँच कास्य पदक जितेको थियो । सभामा हालसम्म कूल बजेटको १८ प्रतिशत खर्च र लक्ष्यको ७३ प्रतिशत राजस्व सङ्कलन भएको प्रगति विवरण जानकारी गराइएको थियो । असार महिनायता भएका कार्यपालिकाको बैठकलाई सभाले अनुमोदन गरेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले बताउनुभयो । चालु आवमा प्रशासकीय, पाँच शय्या क्षमताको अस्पताल भवन निर्माणलाई पूर्णताः दिने, गुर्जा र भेडीखाल्डालाई सडक सञ्जालसँग जोड्ने योजनालाई प्राथमिकता दिएको छ ।

# एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुन लागेको २२ औं एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको सम्पूर्ण तयारी पूरा भएको छ ।

नेपाली खेलकुदको सबैभन्दा ठूलो र प्रतिष्ठित अवार्डको कार्यक्रमको इतिहासमै कार्यत्रम काठमाडौं बाहिर हुन लागेको यो पहिलो पल्ट हो । अवार्डको पूर्वसन्ध्यामा मंगलबार स्पोर्टस समिटको पनि आयोजना गरिएको छ । मञ्चअन्तर्गतको एनएसजेएफ एकेडेमीको आयोजनामा भएको त्यस कार्यक्रममा पोखरामा खेल पर्यटन र अर्थतन्त्रबारे छलफल भएको थियो । मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले कार्यक्रमलाई लिएर आफू धेरै उत्साहित रहेको बताएका छन् । उनले भनेका छन्, 'कार्यक्रमलाई लिएर चाहिने सबै तयारी पूरा भएको छ । अब हामी अवार्ड कार्यक्रमकै ब्यग्र प्रतीक्षामा छौं । हामीलाई सुरुमा मोफसलमा अवार्ड कार्यक्रमको आयोजना गर्दा धेरै चुनौती सामना गर्नु पर्ने लागेको थियो । तर पोखरामा आएपछि हामीले चुनौती भन्दा पनि बढी अवसर देखेका छौं । मलाई लाग्छ, अब पोखरा राष्ट्रिय र अन्तर्राष्ट्रिय अवार्ड कार्यक्रमको पनि गन्तब्य बन्ने छ ।' त्यस्तै नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगरले अवार्ड कार्यक्रमको आयोजनाले पोखरेली खेल इतिहासमा नयाँ अध्याय थपिएको बताएका छन् । उनले भनेका छन्, 'पोखरा सहर स्पोर्टस हबको रूपमा स्थापित हुँदै आएको छ । अब स्पोर्टस अवार्डको सफल आयोजनाले पोखराको खेल क्षेत्र अझ विस्तृत र फराकिलो भएको छ ।' अवार्डमा पोखरा महानगरपालिका प्रवर्धक रहेको छ । अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुपको निरन्तरता कायमै छ यस्तै पावर्ड बाईमा यती एयरलाइन्सको साथ थपिएको छ । स्पोट्स अवार्डको भोटिङ पार्टनरमा खल्ती र पोसाक पार्टनरमा केल्मी नेपाल रहेका छन् । अवार्डमा यसपल्ट पनि १० विधामा अवार्ड प्रदान गरिनेछ । त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड रहेका छन् । पिपल्स च्वाइस अवार्डको मनोनयनमा रहेका खेलाडीमा उसुका विजय सिन्जाली, टेबल टेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल रहेका छन् । यसपल्टको कार्यक्रम पोखराको सभागृहमा आयोजना हुनेछ ।

# स्याङ्जामा धान उत्पादन वृद्धि

पोखरापत्र संवाददाता
स्याङ्जा, २२ पुस

स्याङ्जा जिल्लामा धान उत्पादन वृद्धि भएको छ । गएको आर्थिक वर्ष २०८१/०८२ को तुलनामा यस वर्ष १३ दशमलब ८ प्रतिशतले धान उत्पादनमा वृद्धि आएको हो ।

चालु वर्षमा ९ हजार ७२ हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ४१ हजार ६४० मेट्रिक टन धान उत्पादन भएको छ । गतवर्ष ३६ हजार ५६० मेट्रिक टन धान उत्पादन भएको थियो । धान उत्पादन हुने अनूकुल वातावरण भएपछि उत्पादनमा वृद्धि भएको हो । धान उत्पादनमा वृद्धिसँगै उत्पादकत्वमा समेत वृद्धि आएको छ ।

आर्थिक वर्ष २०८२/०८३ मा प्रतिहेक्टर ४ दशमलब ५९ मेट्रिक टन धान उत्पादकत्व रहेकोमा अघिल्लो वर्ष प्रतिहेक्टर ४ दशमलब ३ मेट्रिक टन उत्पादकत्व थियो । धान खेती लगाउने कुल भूभागमध्ये ४० प्रतिशत क्षेत्रफलमा हाईब्रिड र उन्नत जातको बीउ प्रयोग गरेपछि धान उत्पादकत्वमा वृद्धि भएको कृषि विकास कार्यालयले जनाएको छ । धान खेती गर्ने क्षेत्रफल घट्दै जाँदा समेत पछिल्ला वर्ष धान उत्पादनमा वृद्धि हुँदै गएको कार्यालयका कृषि अर्थविज्ञ नारायण पाठकले बताए । धान खेतीका लागि अनुकूल वातावरण, उन्नत जातको बीउ प्रयोग र खेतीमा आधुनिक प्रविधि भित्रिएसँगै धान उत्पादनसँगै उत्पादकत्वमा वृद्धि हुँदै गएको उनले बताए । धान खेतीमा पछिल्लो समय उन्नत बीउ र प्रविधिको प्रयोग बढ्दै गएको पाठकले जनाए । जिल्लामा गएको वर्ष ६७ हेक्टर क्षेत्रफलमा तीन सय ६ मेट्रिक टन चैतेधान उत्पादन भएको छ । प्रतिहेक्टर ४ दशमलब ५७ मेट्रिक टन उत्पादकत्व रहेको चैतेधान चालु वर्षमा पनि उत्पादन वृद्धि हुने अनुमान गरिएको कार्यालयले जनाएको छ । गएको असोज र कार्तिकमा परेको बेमौसमी वर्षाले जिल्लाको धान खेतीमा क्षति नपुऱ्याएको कार्यालयले दावी गरेको छ । बेमौसमी वर्षाले धानको गुणस्तरमा क्षति पुऱ्याएपनि उत्पादनमा खास्सै प्रभाव नपारेको कार्यालयले जनाएको छ । जिल्लाका ११ पालिकामध्ये चापाकोट, पुतलीबजार, वालिङ र गल्याङ् नगरपालिका धान उत्पादन पकेट क्षेत्र हुन् ।

# एमाले तनहुँद्वारा १९ उम्मेदवार

पोखरापत्र संवाददाता
दमौली, २२ पुस

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँले १९ जना उम्मेदवार सिफारिस गरेको छ । तनहुँ क्षेत्र नम्बर १ र २ को क्षेत्रीय कमिटीको बैठकले १९ जना उम्मेदवार सिफारिस गरेको हो ।

नेकपा (एमाले) तनहुँका अध्यक्ष हरिराज कँडेलले क्षेत्र नम्बर १ मा आठ र क्षेत्र नम्बर २ मा ११ जना उम्मेदवार सिफारिस भएको जानकारी दिनुभयो । क्षेत्र नम्बर १ मा भगवती न्यौपाने, प्रतापलाल श्रेष्ठ, पूर्णबहादुर गुरुङ, अनिल पाण्डे, प्रेमबहादुर राना, रामबहादुर गुरुङ, शोभा गुरुङ र मोहन सुनार सिफारिस हुनुभएको छ । क्षेत्र नम्बर २ मा केदार सिग्देल, किरण गुरुङ, नारायण खनाल, हरिराज कँडेल, राजेश्वर ढकाल, रत्ना देवी, बाबुराम सुनार, चन्द्रकला पौडेल, विष्णु अधिकारी पराजुली, रामचन्द्र तथा नरेन्द्र वाग्लेलाई सिफारिस गरिएको छ ।

## एमाले ...

जानकारी दिनुभयो । उहाँले पार्टीका पदाधिकारी र केन्द्रीय सदस्यलाई आगामी निर्वाचनमा खेलेको भूमिको आधारमा आगामी जिम्मेवारी निर्धारण गरिने बताउनुभयो । उपमहासचिव भट्टका अनुसार निर्वाचन नजिकै आइरहेकाले नेताहरूको कार्यविभाजन अस्थायी किसिमले गरिएको छ । पार्टीको नवनिर्वाचित केन्द्रीय कमिटीले नेतालाई केन्द्र र प्रदेशगत रुपमा युवा मतदाता केन्द्रित चुनाव परिचालनका लागि जिम्मेवारी दिएको जानकारी दिनुभयो । यस्तै बैठकले प्रदेश र निर्वाचन सम्बन्धित अन्य काममा संयोजन गर्न नेताहरूलाई जिम्मेवारी प्रदान गरेको छ । कोशी प्रदेशमा सचिव शेरधन राईलाई, मधेस प्रदेशमा लिलानाथ श्रेष्ठलाई, बागमती प्रदेशमा महेश बस्नेतलाई, राजधानीमा डा राजन भट्टराईलाई, गण्डकी प्रदेशमा खगराज अधिकारीलाई, लुम्बिनी प्रदेशमा पद्मा अर्याललाई, कर्णाली प्रदेशमा यमलाल कँडेललाई र सुदूरपश्चिममा गणेश ठगुन्नालाई तथा सङ्गठन विभागको संयोजन भानुभक्त ढकाललाई प्रदान गरिएको छ । यस्तै पार्टी नियमावली संशोधन गर्नका लागि मस्यौदा कमिटीको सचिव भानुभक्त ढकाल तथा सदस्यमा रमेश बडाल र माधव ढुङ्गेललाई चयन गर्ने निर्णय गरेको छ । पार्टीको नीति अनुसन्धान प्रतिष्ठानको अध्यक्षमा विष्णु रिमाललाई चयन गर्ने निर्णय गरिएको छ । उपमहासचिव भट्टले राष्ट्रियसभामा नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीसँग गठबन्धन गरेर जाने कुरामा सहमति भएको जानकारी दिनुभयो । यसैगरी एमालेले हालै अमेरिकाले भेनेजुलएलामा गरेको हस्तक्षेपको भर्त्सना गरेको छ । बैठकपछि उपमहासचिव भट्टले अमेरिकाद्वारा भेनेजुलएलामा गरिएको व्यवहार न्यायिक दृष्टिकोणले कदापी स्वीकार्य नहुने भन्दै यस्तो घटनाको विरोध गर्दै विश्व व्यवस्थामा फर्कन आह्वान गरिएको बताउनुभयो । यस्तै जनकपुरमा सामाजिक सद्भाव भड्काउन गरिएको गतिविधिप्रति आपत्ति जनाउँदै एमालेले सद्भाव कायम गर्न सरकारसँग माग गरेको छ ।

# एन प्याब्सन कास्कीका पूर्व अध्यक्ष शर्माको निधन

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

नेसनल प्याब्सन कास्कीका पूर्व अध्यक्ष शिक्षासेवी रामप्रसाद शर्माको मंगलबार निधन भएको छ ।

२००२ साल चैत २२ गते जन्मिएका शर्माको मंगलबार नै अत्यष्टी गरिएको छ । शर्माको श्रीमती, २ छोरा र ३ छोरी छन् । २०६१ साल देखि २०७० साल सम्म नेसनल प्याब्सन कास्कीको अध्यक्ष पदमा रहेर काम गरेका शर्माको निधन प्रति संस्थाले दुःख व्यक्त गरेको छ ।



एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी र सचिव प्रेमराज अधिकारीले मंगलबार नै एक शोक विज्ञप्ति जारी गरी शर्माको निधनले संस्थालाई अपुरणीय क्षती पुऱ्याएको जनाएको छ ।

'उहाँको निधनले नेसनल प्याब्सन कास्कीलाई मात्र नभइ समग्र देसलाई नै अपुरणीय क्षति पुगेको र एक होनहार शैक्षिक अभिभावक गुमाएको महसुस भएको छ' विज्ञप्तिमा भनिएको छ, 'यस दुःखद क्षणमा ब्रम्ह्लिन आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण सहित बैकुण्ठबासको प्रार्थना गर्दछौँ ।' साथै विज्ञप्तिमा शोक सन्तब्ध परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गर्नुहुनेछ भन्दै सम्पुर्ण परिवारजन, आफन्तहरूमा गहिरो समवेदना प्रकट गरिएको छ । स्व.शर्माले संस्थाको स्थापना, गतिसिलता, समग्र शैक्षिक उन्नयन तथा बृति बिकासमा पुऱ्याएको योगदान, दुरदर्शिता र समर्पण चिरकालसम्म सधैँ स्मरणीय रहने विज्ञप्तिमा जनाईएको छ ।

स्वं शर्माको सम्झनामा संस्थामा आवद्ध सम्पूर्ण सदस्य विद्यालयहरुमा बुधबार शोक सभा गर्ने अध्यक्ष अधिकारीले जानकारी दिए ।

साथै पाँचौ दिनको पुन्यतिथीमा २६ गते स्वं शर्माको निवासमा उपस्थित भई संस्थाले शोक सभा गर्ने भएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# चुनावको तयारीमा लाग्यो एमाले

अध्यक्ष केपी शर्मा ओलीको स्थानहद फुकुवा भएसँगै नेकपा (एमाले) आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा चुनावमा होमिएको छ । चुनाव चुनाव भन्दै मात्र आएका दलहरूले चुनावी तयारी गरेको देखिएको छैन । चुनावलाई आन्दोलनको रुपमा लिएको एमाले अन्य दल भन्दा अगाडि देखिएको छ । जेनजी आन्दोलनपछि एमालेले कार्यतालिका अनुसार गतिविधि गर्दै आएको छ । एघारौं महाधिवेशन पनि एक वर्ष अगावै गरेर अन्य दल भन्दा व्यवस्थित छ भन्ने सन्देश दिएको छ । चुनावको वातावरण सरकारले नबनाई एमाले र काङ्ग्रेसलाई कमजोर बनाउन खोजेपनि एमाले तङ्गिने अवस्थामा पुगेको उस्का सांगठनिक गतिविधिले देखाएको छ ।

जेनजी आन्दोलन हुँदा प्रधानमन्त्री रहेका ओलीसँग जाँचबुझ आयोगले सोधपुछ गरिसकेपछि सोमबार स्थानहद फुकुवाको निर्णय गरेको थियो । त्यसको भोलिपल्टै अर्थात् मंगलबार एमालेले प्रतिनिधिसभा निर्वाचन तयारीबारे निर्णय गरेको छ । एमाले सचिवालय बैठकले चुनावी घोषणापत्र मस्यौदा समिति गठन गरेको छ । यसले जनपरिचालन समिति गठनदेखि नेताहरूको अस्थायी जिम्मेवारी तोकेको छ । प्रतिनिधिसभा पुनर्स्थापनाको मागमा रहेको एमालेले अन्य दलभन्दा अघि नै चुनावलक्षित निर्णय गरेको छ । महाधिवेशनबाट निर्वाचित नेतृत्वले निर्वाचन परिचालन गर्ने भएको हुँदा छरितो र अनुभवीलाई कामको जिम्मेवारी दिएको छ ।

बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा घोषणापत्र मस्यौदा समिति गठन गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिए । उनका अनुसार, कमिटीमा उपाध्यक्षहरू रामबहादुर थापा 'बादल', विष्णु पौडेल, महासचिव शंकर पोखरेल, नेताहरू ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमाल सदस्य छन् । त्यस्तै, एमालेले चुनावी कमान्डर उपाध्यक्ष 'बादल'लाई तोकेको छ । बादलको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन भएको छ । कमिटीको सचिवमा रिमाल छन् ।

नेताहरू छविलाल विश्वकर्मा, डा. राजन भट्टराई, हिक्मत कार्की, रमेश बडाल, मीनबहादुर शाही, डा. भीष्म अधिकारी कमिटी सदस्य छन् । पार्टीका पदाधिकारी र केन्द्रीय सदस्यहरू निर्वाचनका काममा केन्द्रित रहने गरी परिचालन गरिने भएको छ । त्यस्तै, बैठकले प्रदेशमा चुनावसहितका पार्टीका काम संयोजन गर्न नेताहरूको अस्थायी जिम्मेवारी तोकिएको छ । कोसी प्रदेशको संयोजन गर्ने जिम्मा सचिव शेरधन राईले पाएका छन् । मधेस प्रदेश संयोजन गर्ने जिम्मा नेता लीलानाथ श्रेष्ठलाई मिलेको छ ।

वाग्मती प्रदेशको संयोजन सचिव महेश बस्नेत र राजधानी प्रदेशको संयोजन राजन भट्टराईले गर्नेछन् । गण्डकी प्रदेशको संयोजन सचिव खगराज अधिकारी, लुम्बिनी प्रदेशको संयोजन सचिव पदमा अर्यालले गर्नेछिन् । कर्णाली प्रदेशको संयोजन सचिव यामलाल कँडेल र सुदूरपश्चिम प्रदेशको संयोजन नेता गणेश ठगुन्नाले गर्ने निर्णय बैठकले गरेको छ । सचिव भानुभक्त ढकाललाई संगठनका काम संयोजन गर्ने जिम्मेवारी तोकिएको छ । ओलीले सचिवालय बैठकमा चुनाव सार्न सरकार र विदेशी शक्ति लागेको दाबी मात्रै गरेनन्, निर्वाचन चरणबद्ध गराउने षड्यन्त्र भइरहेको 'ब्रिफिङ'समेत गरे । "देशमा तत्काल निर्वाचन हुने वातावरण अझै बनिसकेको छैन । सरकार र केही विदेशी शक्तिहरू आफैं निर्वाचन सार्ने वा चरणबद्ध गराउने षड्यन्त्रमा छन्," ओलीको भनाइलाई उपमहासचिव भट्टका अनुसार, न्यायाधीशलाई धम्की दिँदै संसद् पुनर्स्थापना हुन नदिने दबाब बढाएको ओलीले बताए । "नेपालको अस्तित्व र राष्ट्रिय अखण्डता जोगाउने कार्य चुनौतीपूर्ण बन्दै गएको छ र वैदेशिक हस्तक्षेप नांगो रूपमा देखिन थालेको ओलीको बुझाइ छ ।

यस्तो परिस्थितिमा पार्टीले आन्दोलनलाई जुझारु र सशक्त ढंगले अघि बढाउनुपर्नेमा उनको जोड थियो । प्रत्येक तहमा सक्रिय युवा परिचालन गर्दै टोल-टोलमा 'नेसनल युथ भोलेन्टियर्स फोर्स' गठन र निर्वाचनको तयारी आन्दोलनकै मैदानबाट सुरु गर्नुपर्ने ओलीको धारणा रहेको भन्दै एमाले सचिव शेरधन राई सरकारप्रति अविश्वास रहँदारहँदै पनि निर्वाचन आयोगको तालिकाअनुसारको गतिविधिमा सामेल हुँदै आएको बताउँछन् । चुनाव हुँदा आन्दोलनको मोर्चाका रूपमा प्रयोग गरेर जाने एमालेको नीति छ । निर्वाचन आयोगले अघि सारेको कार्यतालिकाअनुरूपकै निर्णय मंगलबारको बैठकबाट भएको छासधैं चुनाव भन्ने वातावरण नबाउने र तयारी नथाल्नेले चुनावको कुरा मात्र गरेका हुन भन्न बाध्य पार्छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# स्याङ्जाको चापाकोटमा महोत्सव

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ पुस

स्याङ्जा जिल्लाको दक्षिणी भेगस्थित व्यापारिक केन्द्र चापाकोटमा पौष २५ गतेदेखि माघ ६ गतेसम्म 'तेस्रो चापाकोट महोत्सव-२०८२' हुने भएको छ । कालीगण्डकी बेसिको समथर भूगोल भएको चापाकोट नगरपालिका-९ सुन्तलीटारस्थित खेलमैदानमा महोत्सव सञ्चालन गरिने भएको हो ।

'हाम्रो मान हाम्रो शान, सुन्दर नगर हाम्रो पहिचान' भन्ने मुलअभियान अर्न्तगत ' चापाकोट महोत्सवको आधार, कृषि पर्यटन आर्थिक समृद्धिको पूर्वाधार' भन्ने नारासहित चापाकोट उद्योग वाणिज्य संघको आयोजनामा कृषि, पर्यटन, सांस्कृतिक तथा औद्योगिक व्यापार मेलाका रूपमा महोत्सव गरिने भएको छ । स्थानीय उत्पादनको प्रवर्द्धन, पर्यटन र आर्थिक गतिविधिलाई चलायमान बनाउने उद्देश्यले महोत्सव आयोजना गरिएको छ ।

महोत्सवमा कृषि उत्पादन तथा पशुपंक्षी प्रदर्शनी, औद्योगिक तथा व्यापारिक स्टल, हस्तकला प्रदर्शनी, पर्यटन फोटो प्रदर्शनी, अटोमोबाइल प्रदर्शनीलगायत विविध कार्यक्रम गरिने संघका अध्यक्ष निर्मल राना मगरले बताए । महोत्सवमा स्थानीय जातजातिको कला संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम, भजन-कीर्तन, रत्यौली, माविस्तरीय हाजिरीजवाफ, जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता तथा 'तेस्रो चापाकोट डान्स आइडल' कार्यक्रम समावेश गरिएको छ । कृषि विज्ञ र अगुवा किसानबीच कृषिमा सम्भावना विषयक अन्तरक्रिया, लन्डन ब्रिज र इफिल टावरको संरचना, हेलिकप्टरबाट रमणीय स्थलहरूको दृश्यावलोकन, कालीगण्डकी नदीमा जलयात्रा (र्‍याफ्टिङ्ग) र उपयुक्त स्थलबाट प्याराग्लाइडिङ्गबाटै महोत्सव अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ । करिब २५० व्यापारिक स्टल रहने महोत्सवमा एक लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ । महोत्सवमा एक करोड रुपैयाँसम्मको आर्थिक कारोबार गर्ने लक्ष्य राखिएको छ । महोत्सवबाट बचत हुने रकममध्ये करिब ५० प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरिने भएको संघले जनाएको छ ।

# पुतलीबजार र चापाकोटमा 'ट्रस ब्रिज' निर्माण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ पुस

स्याङ्जाको पुतलीबजार नगरपालिका र चापाकोट नगरपालिकामा ट्रस ब्रिज र झोलुङ्गे पुल निर्माण गरिएको छ । पुतलीबजारको नायारणस्थान-मजुवा जोड्ने र चापाकोटको कशेनी-बर्कानटार जोड्ने गरी झण्डै ६७ लाखमा झोलुङ्गे पुल निर्माण गरिएको हो ।

एक वर्षमा सक्नेगरी आर्थिक वर्ष २०८१/०८२ को जेठमा सम्झौता भएको दुबै पुल करिब ६ महिनाको अवधिमा निर्माण सकिएको छ । पुतलीबजार नगरपालिका-१ को नारायणस्थान-मजुवा जोड्ने गरी अरौदीखोलामा ३३ लाख ७६ हजार रुपैयाँको लागतमा झण्डै ३५ मिटर लम्बाईको ट्रस ब्रिज निर्माण भएको छ ।

उता चापाकोट नगरपालिका-८ स्थित कशेनी-बर्कानटार जोड्ने गरी भुतियाखोलामा झोलुङ्गे पुल बनेको पूर्वाधार विकास कार्यालय स्याङ्जाले जनाएको छ । कशेनीमा बनेको ८० मिटर लम्बाईको झोलुङ्गे पुल ३३ लाख १६ हजार रुपैयाँको लागतमा निर्माण भएको हो । पूर्वाधार विकास कार्यालयमार्फत बनेका दुबै पुल गण्डकी प्रदेश सरकारले निर्माण गरेको हो । अरौदीखोलामा बनेको ट्रस ब्रिजले पुतलीबजार नगरपालिका-१ र ३ का स्थानीयलाई आउजाउमा सहज भएको छ । पुल बनेसँगै मजुवा, बाडखोलाका स्थानीयलाई स्याङ्जा बजार आउजाउ गर्न र स्याङ्जा बजारका स्थानीयलाई प्रगतिनगर हुँदै घुमाउँरो बाटोबाट यात्रा गर्नुपर्ने बाध्यता हटेको स्थानीय राजेश श्रेष्ठले बताए ।

चापाकोट नगरपालिका-८ को भुतियाखोलामा बनेको झोलुङ्गे पुलले कशेनी र बर्कानटार र माडीतर्फ आउजाउ गर्न सहज भएको स्थानीय कल्पना भुषालले बताइन् । पुलको अभावमा कशेनी-बर्कानटार दुबैतर्फका स्थानीयहरु कृषिउपज ओसारपसार गर्न लामो समयदेखि सास्ती भोग्दै आएका थिए । घुमाउँरो बाटोको यात्रा र कृषिजन्य वस्तुको ओसारपसारमा स्थानीयलाई पुलले सहज बनाएको भुषालले बताइन् ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा बनेका दुई पुलसहित जिल्लामा ५ वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार भीरकोट नगरपालिकाको चरांग-साउन्दी जोड्ने गरी धुवादीखोला, हरिनाश गाउँपालिका-३ को बुम्दीललही-बलाम्दी जोड्ने र चापाकोट नगरपालिका-४ स्थित चिलौदीखोलामा घुर्लेचौर-बाहुनडाँडा जोड्ने गरी झोलुङ्गे पुल निर्माण गरिने भएको छ । जिल्लामा चालु आर्थिक वर्षमा दर्जन भन्दा बढी झोलुङ्गे पुल निर्माण हुने भएका छन् । संघीय तथा प्रदेश सरकारको विनियोजित बजेट तथा सामुदायिक सेवा केन्द्र स्याङ्जाको समन्वयमा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा झोलुङ्गे पुल निर्माण हुने भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

# आदिवासी जनजाति महोत्सव: तीन जातिका नमुना घर निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, २२ पुस



नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँको आयोजनामा पुस २४ गतेदेखि सञ्चालन हुने छैंटौं तनहुँ सांस्कृतिक महोत्सवअन्तर्गत तीन जातिका नमुना घर निर्माण गरिएको छ । महोत्सवलाई थप आकर्षक, मौलिक र सांस्कृतिक बनाउन तीन जातिका परम्परागत नमुना घर निर्माण गरिएको हो ।

व्यास नगरपालिका-३ स्थित खुल्ला मैदानमा आयोजना हुने महोत्सवको मुख्य आकर्षणका रूपमा महेन्द्र शालिक रहेको पार्कमा मगर, दरै र कुमाल समुदायका नमुना घर निर्माण गरिएको महोत्सव संयोजक एवं महासङ्घका अध्यक्ष सनम तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार यी नमुना घरमार्फत जनजातिहरूको जीवनशैली, रहनसहन, संस्कृति, परम्परा र ऐतिहासिक पहिचानलाई उजागर गर्ने उद्देश्य राखिएको छ । जिल्लामा १३ भन्दा बढी आदिवासी जनजाति समुदायको बसोबास रहेपनि स्थानको अभावका कारण तीन समुदायका मात्रै नमुना घर निर्माण गरिएको उहाँले बताउनुभयो । अध्यक्ष तामाङका अनुसार महोत्सव अवलोकन गर्न आउने सर्वसाधारण, विद्यार्थी तथा पर्यटकले नमुना घरभित्र प्रयोग हुने घरायसी सामग्री, भाँडाकुँडा, कृषि औजार, पहिरन, संस्कार तथा संस्कृति र रीतिरिवाजका बारेमा नजिकबाट बुझ्ने अवसर पाउनेछन् ।

यसले नयाँपुस्तामा आफ्नै संस्कृतिप्रतिको चेतना अभिवृद्धि हुनुका साथै लोपोन्मुख परम्पराको संरक्षणमा टेवा पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । छैंटौं तनहुँ सांस्कृतिक महोत्सवमा नमुना घरसँगै सांस्कृतिक झाँकी, मौलिक नृत्य, जातीय पहिरन प्रदर्शनी, स्थानीय परिकार, हस्तकला सामग्रीका कक्ष (स्टल), साङ्गीतिक कार्यक्रम तथा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । आदिवासी जनजातिको पहिचान, मौलिकता र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको महोत्सवले तनहुँको सांस्कृतिक तथा धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको तामाङको भनाइ छ । उहाँले भन्नुभयो, "आधुनिकताको प्रभावले लोप हुँदै गएका हाम्रा मौलिक संस्कृति र परम्परालाई नयाँपुस्तासम्म पुऱ्याउन महोत्सव महत्वपूर्ण हुने विश्वास छ ।"

महोत्सवका लागि आवश्यक तयारी सुरु भइसकेको जनाउँदै उहाँले स्टल निर्माण, सांस्कृतिक मञ्च व्यवस्थापन, समुदायगत प्रदर्शनीस्थल तयार गर्ने काम तीव्र रूपमा अगाडि बढाइएको जानकारी दिनुभयो । आयोजकका अनुसार महोत्सवले आदिवासी जनजाति समुदायबीच आपसी सद्भाव, एकता र सांस्कृतिक आदानप्रदानलाई थप मजबुत बनाउने विश्वास लिइएको छ । आगामी माघ ५ गतेसम्म सञ्चालन हुने महोत्सवमा रु १५ लाख बचत गरी सङ्ग्रहालय निर्माण गर्ने लक्ष्य राखिएको महोत्सवका संयोजक तामाङले जानकारी दिनुभयो ।

# ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई दश बुँदे 'सर्कुलर' जारी

**रासस**
काठमाडौं, २२ पुस

गृह मन्त्रालयले तराई तथा मधेसका केही जिल्लाहरूमा धार्मिक तथा सामाजिक सद्भाव खलबलाउने गरी भएका केही घटनाका सम्बन्धमा जिल्ला तहमा धार्मिक सहिष्णुता कायम राख्न भएका पहलकदमीसहितको प्रगतिलाई समेटेर पठाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई दश बुँदे निर्देशनात्मक सर्कुलर जारी गरेको छ ।

मंगलबार गृह मन्त्रालयकी उपसचिव तथा सूचना अधिकारी रमा आचार्य सुवेदीद्वारा जारी निर्देशनमा सबै प्रमुख जिल्ला अधिकारीहरूलाई कानुनले निषेध गरेका त्यसका गैरकानुनी क्रियाकलापमा लाग्ने जो कोहीलाई अविलम्ब कानुनी दायरामा ल्याई कारबाही प्रक्रिया सुरु गर्न निर्देशन दिएको छ । यस्तै, बुँदा नम्बर २ मा धार्मिक, सामाजिक, एवं सांस्कृतिक सद्भाव र सहिष्णुता प्रवर्द्धन गर्न सरोकारवालासहितको समन्वय बैठक गर्न निर्देशन भएको छ । यसका लागि जिल्लास्थित राजनीतिक दलका प्रमुखहरू, सामाजिक, सांस्कृतिक एवं धार्मिक क्षेत्रका अगुवाहरूलाई सद्भावका लागि सार्वजनिक आह्वान गर्ने निर्देशन भएको छ । सबै पक्षहरूको सहभागितामा सद्भाव ऱ्याली आयोजना गरी त्यस्ता घटनाहरू बढ्न नदिने र सीमा क्षेत्रमा हुने आवागमनलाई कडाइका साथ चेक जाँचको व्यवस्था मिलाउन पनि गृहको सर्कुलरमा भनिएको छ । स्थानीयस्तरमा समेत विभिन्न सञ्चारमाध्यमबाट स्थानीय भाषामा सामाजिक सद्भाव बढ्ने खालका कार्यक्रम सञ्चालन गर्न र प्रदेश तथा स्थानीयस्तरमा समन्वयात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिन निर्देशन गरिएको छ । यस्तै, बुँदा नम्बर ७ मा, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सात सदस्सीय जिल्ला शान्ति तथा सामाजिक सद्भाव समिति गठन गरी क्रियाशील गर्ने गराउने बारे निर्देशन गरिएको छ । समितिमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू सदस्य, जिल्लास्थित राजनीतिक दलका अध्यक्ष वा प्रतिनिधि सदस्य, नेपाल उद्योग वाणिज्य महासङ्घका जिल्ला अध्यक्ष सदस्य, पत्रकार महासङ्घका जिल्ला अध्यक्ष सदस्य, नेपाल बार एसोसिएसनका जिल्ला अध्यक्ष सदस्य, जिल्ला समन्वय समितिका प्रमुखले तोकेको प्रतिनिधि र सामाजिक, सांस्कृतिक एवं धार्मिक क्षेत्रका अगुवा सदस्य रहने समिति गठन गरिएको छ ।


**Bareng Rural Municipality**
**Hugdisir, Baglung**
**Gandaki Province, Nepal**

## Invitation for Bids

(Date of Publication: 2082-09-23 BS (2026-Jan-7 AD)

1. Bareng Rural Municipality Office, Hugdisir, Baglung invites electronic bids only from eligible bidders for the Water supply works mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Ligdi Dhanmudha Batakachaur khanepani Aayojana | BRM/BAGLUNG/NCB/WS/7/2082/83 | NRs. 40,34,871.33 | NRS 3000 | 1,01,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# बजेट अभावले 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' काम रोकियो

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ पुस

बजेट अभावमा 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' अन्तर्गत बागलुङमा निर्माणाधीन दुई सडकको काम अलपत्र परेको छ। बागलुङको क्षेत्र नं १ अन्तर्गत अदालत चौपारीदेखि सिगाना हुँदै बरेङ जोड्ने सडक र क्षेत्र नं २ अन्तर्गत गलकोटको हरिचौरदेखि मल्म हुँदै पाण्डवखानी जोड्ने सडकको काम अलपत्र परेको हो।

अदालत चौपारीदेखि सिगाना-बरेङ जोड्ने सडकको काम सिगानाको वडा कार्यालयमा पुगेर रोकिएको थियो । उक्त खण्ड निर्माण गरिरहेको ठेकेदारले समयमा भुक्तानी नपाएपछि काम अलपत्र थियो। डेढ वर्ष रोकिएर गत वर्ष निर्माण सम्पन्न भएको छ।

सदरमुकाम बागलुङ बजारदेखि १० किमी खण्डमा काम गरेको निर्माण कम्पनीले भुक्तानी पाएर फर्किएको छ । वडा कार्यालयदेखिको खण्ड निर्माणका लागि राज्यले ठेक्कासमेत लगाउन सकेको छैन । बजेट अभावले भएका योजनासमेत फिर्ता गरेको सरकारले रणनीतिक सडक कहिले पूरा गर्ने भन्ने एकिन गरेको छैन।

त्यसैगरी, निर्वाचन क्षेत्र नं २ अन्तर्गतको हरिचौरदेखि मल्म हुँदै पाण्डवखानी जोड्ने सडकको पहिलो खण्डको ठेक्कासमेत पूरा हुनसकेको छैन। अहिले केही काम भएको देखिए पनि पूरा हुने/नहुनेमा स्थानीय विश्वस्त हुनसकेका छैनन् । यो सडकको म्याद थप भएपछि मात्र ठेकेदार कम्पनीले आठ किमी सडकखण्डमा काम थालेको छ। तोकिएको समयमा २५ प्रतिशतमात्र काम गरेको ठेकेदार कम्पनीले अहिले भने पाँच किमी सडक कालोपत्र गर्ने लक्ष्य राखेको छ । केही समयअघिदेखि नै काम थालेर ७० प्रतिशत भौतिक प्रगति गरेको वर्ल्ड वाइडर पूर्ण संयुक्त निर्माण कम्पनीले जनाएको छ। कम्पनीले अप्ठ्यारोमा ढलान गरेको छभने सहज खण्डमा कालोपत्र गर्ने तयारी थालेको छ। यसअघि समयमा रकम भुक्तानी नपाउँदा ठेकेदारले काम छाडेर हिँडेका थिए। काम गरेको साढे तीन करोड भुक्तानी नपाएपछि ठेकेदारले अघिल्लो वर्ष काम छाडेपछि म्याद सकिएको थियो। म्याद थपसँगै रकम पाउने प्रतिबद्धतापछि काम सुरु भएको हो। इन्जिनियर सागर भण्डारीले आगामी वैशाखसम्म काम सक्ने योजना रहेको बताउनुभयो। विसं २०७९ को भदौमा यो सडकको रु २५ करोड २० लाखमा ठेक्का सम्झौता भएको थियो।

यस्तै, कुश्मीसेरा-बरेङ जोड्ने रणनीतिक सडकमा पनि ठेकेदारले काम अलपत्र छाडेपछि स्थनीय चिन्तित थिए। उपभोक्ताले सङ्घर्ष समिति बनाएर मुख्यमन्त्रीलाई आग्रह गरेपछि बजेटको सुनिश्चितता भएको थियो।

अहिले काम सुरु भएको यो सडकको नाम्दुकदेखि बरेङसम्म कालोपत्र भइसकेको छभने कुश्मीसेरादेखि राङ्खानीसम्म गर्ने तयारी भइरहेको छ। बजेट अभावले तमानखोलाको बोङ्गादोभान-सोलेडाँडा जोड्ने सडकमा काम हुनसकेको छैन।

# कांग्रेस केन्द्रीय कार्यालयमा भएको प्रदर्शनप्रति ध्यानाकर्षण

**रासस**
काठमाडौं, २२ पुस

नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरले पार्टी केन्द्रीय कार्यालयमा मंगलबार गरिएको प्रदर्शनप्रति ध्यानाकर्षण भएको बताएका छन्।

कार्यालय परिसरमा पार्टीका नेता विमलेन्द्र निधिलाई लक्षित गरी केही कार्यकर्ताले गरेको होहल्ला र नाराबाजीप्रति ध्यानाकर्षण भएको उहाँहरूले बताउनुभएको छ।

कांग्रेसको विशेष महाधिवेशन पक्षका केही नेताहरूले मंगलबार यहाँ पत्रकार सम्मेलन गरी विशेष महाधिवेशनलाई बदनाम गर्ने उद्देश्यले उक्त घटनालाई अतिरञ्जित रूपमा प्रस्तुत गरिएको हुनसक्ने धारणा सार्वजनिक गर्नुभएको हो । कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी, महाधिवेशन प्रतिनिधिहरू मनोजमणि आचार्य, सुवास पोखरेल र कुशुमदेवी थापा, लोकतान्त्रिक अपाङ्ग सङ्घका अध्यक्ष माधव चौलागाईलगायतले सो घटनाको सत्य-तथ्य पत्ता लगाउन निष्पक्ष छानबिन गर्नुपर्ने माग गर्नुभयो । साथै उहाँहरूले विशेष महाधिवेशनका सन्दर्भमा यसअघि बुझाएका पत्र तथा स्मरणपत्रहरू पुनः स्मरण गराउँदै आजै विशेष महाधिवेशन पक्षधरको उपस्थितिमा सम्पन्न बैठकबाट विभिन्न १८ समिति तथा उपसमिति गठन गरिएको जानकारी गराउनुभयो । उहाँहरूले विशेष महाधिवेशनका सन्दर्भमा जिम्मेवार पदमा रहेका केही नेताबाट अतिरञ्जित तथा गैरजिम्मेवार अभिव्यक्ति प्रकट भएको भन्दै आपत्ति जनाउनुभएको छ।

# गोरखामा च्याउ खाँदा चार जना बिरामी

**पोखरापत्र संवाददाता**
गोरखा, २२ पुस

यहाँ परालको टौवामा उम्रिएको च्याउको तरकारी बनाएर खाँदा एका परिवारका चार जना बिरामी परेका छन्।

मकवानपुर जिल्ला बागमती नगरपालिका-१३ घर भई हाल गोरखा नगरपालिका-१४ स्थित प्युघरमा डेरा गरी बस्दै आएकी ३० वर्षीया हीरा पहरीको परिवार विषालु च्याउ खाएर बिरामी परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिनुभयो। सोमबार साँझ घर नजिकै रहेको परालको थुप्रो (टौवा)मा उम्रेको च्याउ टिपेर तरकारी खाएपछि आमा हीरा पहरीसहित १२ वर्षीय छोरा किसान, छ वर्षीय छोरा हिमाल र पाँच वर्षीया छोरी सुजिता बिरामी परेका हुन्। च्याउ खाएलगत्तै पेट दुख्ने, वाकवाकी लाग्ने र अत्यधिक थकानजस्ता लक्षण देखिएपछि तत्काल सबैलाई उपचारका लागि तनहुँको आबुखैरेनी गाउँपालिका अस्पताल पुर्‍याएको र अहिले सोही अस्पतालमा उनीहरूको उपचार भइरहेको उहाँले बताउनुभयो।

बिरामी सबै बोल्न सक्ने अवस्थामा छन् । घटनाको थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।


## डिभिजन वन कार्यालय कास्कीको

### आहारा सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२३ गते बुधवार**

यस डिभिजन वन कार्यालय, कास्की अर्न्तगत पोखरा महानगरपालकिा वडा नं.३१ पचभैयामा संचालित पचभैया वन्यजन्तु उद्धार केन्द्रमा कायमा रहने वन्यजन्तु तथा चराचुरुङ्गीहरुको संख्या जम्मा ४९ र पछि थपघट हुने समेत हुन सक्ने भएकोले सो को लागि आवश्यक आहाराको ठेक्का सम्बन्धी शिलवन्दी दरभाउपत्र अनुसार मिति २०८२/१०/१५ गतेदेखि २०८३ असार मसन्तसम्म (५ महिना १५ दिनको लागि) आहारा ठेक्का सम्बन्धी १५ दिने सूचना प्रकाशन गरिएको छ। आहार सप्लाई गर्न ईच्छुक व्यक्ति, फर्म, बिक्रेता तथा सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समयभित्र डिभिजन वन कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ। १६ औ दिनको १२.०० सम्म शिलवन्दी दरभाउपत्र भरी पेश गर्नु पर्नेछ। सो सम्बन्धी विस्तृत सूचना सार्वजनिक ऐन २०६३ तथा सार्वजनिक खरिद नियामवली २०६४ बमोजिम जिल्ला प्रशासन कार्यालय, कास्की, प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्की, जिल्ला समन्वय समितिको कार्यालय, कास्की र यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ। शिलवन्दी दरभाउपत्र यस कार्यालयबाट आ.व.२०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र/म्याद थप प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र नवीकरण सहितको ईजाजतपत्र साथै रा.ब.बैंक पृथ्वीचोक शाखामा रहेको कार्यालय कोड नं. ३२९०१३९०३४ राजश्व शीर्षक नं. १४२२९ मा रु.१०००.० (अक्षरुपी एक हजार मात्र) नगद जम्मा गरेको सक्कल राजस्व बैंक भौचर पेश गरी खरिद गर्न सकिनेछ।

**डिभिजन वन अधिकृत**

## डिभिजन वन कार्यालय कास्कीको

### खडा रुख पुनः लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/२३**

वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसले संरक्षण एवम् भोगचलन गर्दै आएको पोखरा म. न. पा. १५ स्थित वनपालेडाँडाको वनक्षेत्रको दक्षिणछेउ हुँदै अमिन्तरा जाने सडकको दायाँतर्फ जोखिमयुक्त अवस्थामा रहेका सिसौ, चिलाउने, मौवा प्रजाति समेतका १२४ वटा रुख (८८ वटा सिङ्गा रुख र ३६ वटा रुखको हाँगाविङ्गा मात्र हटाउने) समेतको छपान मूल्याङ्कन परिमाण अनुसारको ११८८.७४ घ. फि. काठ र ५.०९ चट्टा दाउरा) आफ्नै खर्चमा रुखहरु तथा रुखका हागाविङ्गा कटान, मुछान, संकलन गरी उठाई लैजानु पर्ने गरी खडा रुख लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ को नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म बोलपत्र खरिद गरी १६औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**डिभिजन वन अधिकृत**

## दियालो

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित भएको मिति २०८२/०९/२३**

**सिलबन्दी दरभाउपत्रको सूचना नं.** Diyalo /Bheerkot ALDP/SQ/2082/083/01

भिरकोट नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग र दियालो, स्याङ्जाको सहजीकरणमा संचालित '**भिरकोट कृषि तथा पशु विकास परियोजना**' अन्तर्गत आवश्यक उन्नत जातका प्रजनन योग्य बिउ बाख्रा तथा बोकाहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य फर्म वा संस्थालाई रितपूर्वक शिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

**सिलबन्दी दरभाउ पत्रको विवरण**

| क्र. सं. | वस्तु / सामाग्रीको नाम | परिमाण (गोटा) | जमानत रकम रु. | सिलबन्दी दरभाउ पत्र फारम दस्तुर रु. | सिलबन्दी दरभाउ पत्र मान्य अवधि हुने दिन | सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | उन्नत जातका बाख्राका प्रजनन् योग्य पाठीहरु | १५० | ४०,००० | १००० | ४५ दिन | २०८२/१०/०७ गते कार्यालय समयभित्र | २०८२/ १०/०८ गते, १२ बजेसम्म | २०८२/ १०/०८ गते, दिनको २ बजे |
| २ | उन्नत जातका बाख्राका प्रजनन् योग्य बोकाहरु | २४ | | | | | | |

१. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्र दाताहरुले थप जानाकारीको लागी दियालो, भिरकोट स्याङ्जाको कार्यालय भिरकोट नगरपालिकाको कार्यालयको अगाडि, वालिङ-१ दार्शिङ, स्याङजा वा कार्यालयको फोन नं ९८६३६७६१०८ मोबाइल नं. ९८४६०७१७८४ वा इमेल syangjadiyalo@gmail.com मा सम्पर्क राख्न सक्नेछन।

२. योग्य दरभाउपत्रदाताले मिति २०८२/०९/२३ गते सूचना प्रकाशन गरेको मितिले १५ दिन अर्थात २०८२/१०/०७ गतेका दिन कार्यालय समय भित्रमा रु. १०००।- रुपैया फिर्ता नहुने दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन दियालो, भिरकोट स्याङ्जाको कार्यालय भिरकोट नगरपालिकाको कार्यालयको अगाडि, वालिङ-१ दार्शिङ स्याङ्जाबाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन।

३. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६ औं दिन अर्थात २०८२/१०/०८ गते दिनको १२:०० बजेभित्र दियालो, भिरकोट स्याङ्जाको कार्यालय भिरकोट नगरपालिकाको कार्यालयको अगाडि, वालिङ-१ दार्शिङ, स्याङ्जामा पेश गर्नुपर्नेछ। उल्लेखित समय भन्दा ढिलो गरि प्राप्त भएका दरभाउपत्र अस्विकृत गरिनेछ।

४. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०८२/१०/०८ गते दिनको २:०० बजे उपस्थित हुन चाहाने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहोबरमा दियालो, भिरकोट स्याङ्जाको कार्यालयमा भिरकोट नगरपालिकाको कार्यालयको अगाडि, वालिङ-१ दार्शिङ, स्याङ्जामा खोलिनेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरि कम्तिमा ४५ दिन हुनु पर्नेछ। दरभाउपत्रको साथ रु ४०,०००। अक्षरुपी चालिस हजार रुपैयाँ मात्र दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनुपर्नेछ। दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा गरिमा विकास बैंक वालिङ शाखामा रहेको खाता नं.००११०१०१३२९६८९००००००१ मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ।

६. सिलबन्दी स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारी यस दियालो, भिरकोट स्याङ्जाको कार्यालय मा सुरक्षित रहनेछ।

७. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु शिलबन्दी फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**दियालो, भिरकोट**
**भिरकोट नगरपालिका-१, दार्शिङ, स्याङ्जा**
Email : syangjadiyalo@gmail.com, **फोन नं.** ९८६३६७६१०८


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि.स. १९९०/04/0९

स्वर्गारोहणः वि.स. २०८२/0९/13

**स्वः चन्द्रकला कोइराला**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य तथा सल्लाहकार श्री किरण कोइरालाका ममतामयी आमा एवम् यस टोल विकास संस्थाका पूर्व कार्यसमिति सदस्य ज्योती कोइरालाका सासुआमा **चन्द्रकला कोइराला**को ९२ वर्षको उमेरमा भएको असामयिक निधनको आज ११औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**भवानी माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**